फोन ०२९४११०८० / ०२९४११०८३

# पाँचखपन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वाना, संखुवासभा

पत्र स.: ०७७/७८
चलानी नं.

१ नं. प्रदेश, नेपाल

## समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रकाशित मितिः २०७७।०८।१४)

यस पाँचखपन नगरपालिकाले १ नं. प्रदेश सरकार र करूणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आह्वान गरिएको छ। यस पालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी नगर पालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पूरा नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण पेश गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिलः

१. विज्ञापन नं., पद र माग संख्याः

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | ०८।०७७।०७८ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (खुला) | ४ |
| २. | ०९।०७७।०७८ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (आरक्षण कोटा - अपाङ्गता भएका व्यक्ति) | १ |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम अ.न.मी. तह उत्तिर्ण गरेको ।

(ख) पुरुषको हकमा न्यूनतम शैक्षिक योग्यता पुरा गरी ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा न्यूनतम शैक्षिक योग्यता पुरा गरी ४० वर्ष ननाघेको र कार्यानुभव हासिल गरेको,

(ग) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको,

(घ) स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको।

सविर बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

क्रमशः

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. १५,०००।– (पन्ध्र हजार रुपैया मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उम्मेद्वारको उमेरः (क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०७७/०८/२८) सम्ममा ४० बर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०७७/०८/२८) सम्ममा ३५ बर्ष ननाघेको।

६. उम्मेद्वारको छनौट विधिः लिखित, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः यस पालिकाको कार्यालयबाट दरखास्त फारम प्राप्त गरी उक्त फारम भरी पालिकाको कार्यालयमा बुझाउनु पर्ने।

८. परीक्षा दस्तुरः खुलातर्फ रू.३००।–(तीन सय रुपैयाँ मात्र) र खुलासँगै समावेशी (अपाङ्गता भएको व्यक्तिको लागि मात्र) सिटमा थप रू १००।– (एक सय रूपैयाँ मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः नेपाल बंगलादेश बैक पाँचखपन शाखामा रहेको यस नगरपालिकाको ग ४ १ संचितकोष खाता नं ०५४०००० १४१ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।

१०. दरखास्त फारम भर्ने मितिः मिति २०७७/०८/१४ देखी २०७७/०८/२८ गते सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तीनदिन भित्र टेलिफोन गरी जानकारी गराईनेछ। साथै पालिकाको सूचनापाटिमा टाँस गरिनेछ।

१२. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०७७/०८/२८) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४. विशेष ब्यवस्थाः समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुई(२) महिनाको समुदायमा आधारीत पुनर्स्थापना तालिम हुनेछ । तालिम अवधिभर तलब पारिश्रमिक पाइने छैन ।

१५. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार नगरपालिकालाई हुनेछ।

१६. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस पालिकाको कार्यालयको टेलिफोन नं ०२९४११०११ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

सबिर बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत

सविर बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका